फोन नं ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर , रौतहट

२ नं. प्रदेश , नेपाल

प.स. २०७७।०७८
च.नं.

मिति : २०७७।०८।२९

सूचना प्रकाशित मिति : २०७७।०८।२९

मालसामान लिलाम बढाबढको सूचना ।

यस कार्यालयको मिति २०७७।०८।२८ गतेको निर्णय बमोजिम यस कार्यालयमा तपसिल बमोजिमका जिन्सी सामग्रीहरु न्यूनतम मूल्यबाट लिलाम बढाबढद्धारा बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट सूचना प्रकाशित मितिले १५ औं दिन भित्र लिलाम बढाबढमा भाग लिनका लागि निवेदन दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै लिलाम सम्वन्धी शर्तहरु सूचनाको द्रष्टव्यमा उल्लेख गरिएको र यस सम्वन्धमा अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी जानकारी लिन सकिने व्यहोरा समेत यसै सूचनाद्धारा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

सामग्रीहरु

| क्र.सं. | जिन्सी सामग्रीको नाम | परिमाण | कायम गरिएको न्यूनतम प्रति इकाई दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ट्रेक्टरको टायर | २ थान | २०० | ४०० | |
| २ | टेवल | १ थान | ३५० | ३५० | |
| ३ | सुमो गाडिको टायर | १२ थान | २०० | २४०० | |
| ४ | कम्पास जिपको टायर | ४ थान | २०० | ८०० | |
| ५ | रिभल्विङ्ग कुर्सी | १२ थान | १०० | १२०० | |
| ६ | फलामको कुर्सी | ७ थान | २०० | १४०० | |
| ७ | Tractor को रिम | २ थान | २५० | ५०० | |
| ८ | धारा (कल) | १ थान | २५० | २५० | |
| ९ | प्रिन्टर | ४ थान | २५० | १००० | |
| १० | विल प्रिन्टर | १ थान | २५० | २५० | |
| ११ | फलामको कुर्सी (३ सिटर सोफा) | १ थान | ३०० | ३०० | |
| १२ | वाल फ्यान | १ थान | १०० | ५० | |
| १३ | इन्भर्टर | २ थान | ४५० | ९०० | |
| १४ | Stabilizer | १ थान | ७५० | ७५० | |
| १५ | ल्यापटप कम्प्युटर | २ थान | ३००० | ६००० | |
| १६ | डेस्कटप कम्प्युटर | २ थान | २५०० | ५००० | |
| १७ | ब्याट्री | ४ थान | ५०० | २००० | |
| १८ | ट्रयाक्टरको टेलर चक्का भएको | १ थान | २५००० | २५००० | |

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर , रौतहट

फोन नं ०५५-५४०२००

२ नं. प्रदेश , नेपाल


प.स. २०७७।०७८ मिति : २०७७।०८।२९

च.नं.

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | ट्र्याक्टरको टेलर चक्का नभएको | १ थान | १०००० | १०००० | |
| २० | फलामको टुक्रा सामानहरु | १०० किलो | २० | २००० | |
| | | | | ६०५५० | |

द्रष्टव्य :

- लिलाम बढाबढ हुने स्थान : चन्द्रपुर नगरपालिकाको कार्यालय , रौतहट ।
- लिलाम बढाबढ हुने मिति र समय : मिति २०७७।०९।१४ गते विहान ११:०० बजे देखि ।
- लिलाम बढाबढ अन्त्य हुने मिति र समय : मिति २०७७।०९।१४ गते , दिउँसो ३:०० बजे ।
- लिलाम सकार गरेका माल सामान उठाई लैजानु पर्ने अवधि : डाँक बढाबढबाट सकार गरेका जिन्सी मालसामानको कबोल रकम सात दिन भित्र एकमुष्ट रुपले यस कार्यालयमा दाखिला गरी सोही अवधिमा आफै उठाई लैजानु पर्नेछ , उठाई नलगे धरौटी जफत गरी प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।
- लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्यको ५ प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने र लिलाम डाँक अंक बढदै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ ।
- लिलाम बिक्री हुने सबै जिन्सी सामग्री एकमुष्ट रुपले सकार गर्नुपर्नेछ , टुक्रा टुक्रा वा खुद्रा रुपले सकार गर्न पाइने छैन् ।
- सकार गरेका जिन्सी सामग्रीहरु सात दिन भित्र उठाई नलगे, हानी नोक्सानी भएमा सोको जिम्मेवार यो कार्यालय हुने छैन ।
- लिलाम बिक्री सम्बन्धी अन्य कुराहरु चन्द्रपुर नगरपालिकाले तोकेअनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद सिग्देल
प्रमुख प्रशासकीय अधिकृत